बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(योजना, अनुगमन तथा नतिजा व्यवस्थापन शाखा)
हेटौंडा, नेपाल

प.सं.०७९/८०/ च.नं. यो/ १६१४

मिति: २०७९।१२।०६

विषय: राय/सुझाव सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै),
बागमती प्रदेश ।

उपर्युक्त सम्बन्धमा, बजेट तथा कार्यक्रम निर्माण प्रक्रियालाई सुधार गर्दै दिगो विकासको अवधारणा अनुरूप दीर्घकालीन महत्वका योजना तथा कार्यक्रमको निर्माण तथा अन्तरतह समन्वयलाई थप सुधार गर्न आवश्यक रहेको सन्दर्भमा, प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रममा आवश्यक पृष्ठपोषणका लागि निम्नानुसारको विषय समेटी **२०८० साल बैशाख ५ गते** भित्रमा यस कार्यालयमा राय/सुझाव/विवरण पठाउन हुन मिति २०७९/१२/०६ को निर्णयानुसार(मुख्यमन्त्रीस्तर) अनुरोध छ।

तपसील:

क) आगामी आर्थिक वर्ष २०८०/८१ को प्रदेश सरकारको नीति तथा कार्यक्रम तर्जुमाका लागि राय/सुझाव,

ख) वार्षिक योजना तथा कार्यक्रम प्रभावकारी बनाउन र टुक्रे योजनाहरू निरूत्साहित गर्न प्रदेश सरकारले ध्यान दिनुपर्ने विषयहरू,

ग) संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध सुदृढीकरणका लागि समन्वय र सहकार्य गर्नुपर्ने थप विषय क्षेत्र र कार्यहरू ।

नोट: यस पत्रसँग सम्बन्धित विवरणको सफ्टकपी ईमेल ठेगाना- govreform.planning@gmail.com मा समेत पठाउनहुन अनुरोध छ ।

०७९/१२/०६

विमोचन घिमिरे
शाखा अधिकृत

फोन : ०५७-५२२३८५,३८७, ८९८, ३९७ फ्याक्स : ०५७-५२७५०७, Email: ocmcm@bagamati.gov.np,
URL: https://ocmcm.bagamati.gov.np/